फोन नं. :- ०५७-५२०४९५
फ्याक्स नं. :- ०५७-५२३८२२
ईमेल :-daomakawanpur@moha.gov.np
फेसबुक पेज :-www.facebook.com/daomakawanpur
वेबसाइट :-http://daomakawanpur.moha.gov.np/

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
मकवानपुर

पत्र संख्या : संघ संस्था २०८२/०८३
चलानी नं

मितिः-२०८३/०३/१६
नेपाल सम्वत ११४६

## वर्षाजन्य विपद्का सन्दर्भमा आवश्यक सतर्कता अपनाउने सम्बन्धी सार्वजनिक सूचना।

नेपाल सरकार, गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट जारी गरिएको **"आवश्यक सतर्कता अपनाउनु हुन अनुरोध"** सम्बन्धी सूचनाअनुसार मिति २०८३ साल असार १६ र १७ गते देशका विभिन्न भागमा भारीदेखि अति भारी वर्षा हुने, पहाडी तथा हिमाली क्षेत्रमा पहिरो, सडक अवरोध, गेग्रान बहाव, बाढी तथा नदीमा जलसतह बढ्ने सम्भावना रहेको जनाएको छ । उक्त अवस्थालाई मध्यनजर गर्दै सम्भावित विपद्जन्य जोखिमबाट हुन सक्ने मानवीय तथा भौतिक क्षति न्यूनीकरणका लागि सम्पूर्ण सर्वसाधारण, यातायात व्यवसायी, सवारी चालक तथा सम्बन्धित सबैमा देहायबमोजिम अनुरोध गरिन्छः-

१. मिति २०८३ साल असार १६ गते बेलुका ५:०० बजेदेखि असार १७ गते बिहान ५ बजेसम्म र असार १७ गते बेलुकी ५ बजेदेखि असार १८ गते बिहान ५:०० बजेसम्म कान्तिलोकपथ (हेटौंडा-काठमाडौं सडकखण्ड) हुँदै कुनै पनि प्रकारको यात्रा नगर्न तथा नगराउनुहुन ।
२. सकेसम्म मिति २०८३ साल असार १६ र १७ गते अत्यावश्यक कामबाहेक यात्रा नगर्न तथा नगराउनुहुन ।
३. ताल, नदी, खोला तथा अन्य जलाशयमा माछा मार्ने, पौडी खेल्ने, डुङ्गा सञ्चालन गर्ने, नदी तर्ने लगायतका जोखिमयुक्त गतिविधि नगर्न तथा नगराउनुहुन ।
४. पहिरो, बाढी तथा डुबानको जोखिम रहेका क्षेत्र, नदी किनार तथा भिरालो स्थानमा अनावश्यक आवतजावत नगर्न तथा विशेष सतर्कता अपनाउनुहुन ।
५. मौसम तथा सडकको अवस्थासम्बन्धी आधिकारिक सूचना तथा सुरक्षा निकायबाट जारी हुने निर्देशनको पालना गर्न तथा सुरक्षित भएपछि मात्र यात्रा गर्नुहुन ।
६. कुनै विपद्जन्य घटना वा आपत्कालीन अवस्था सिर्जना भएमा तत्काल नजिकको सुरक्षा निकाय, स्थानीय तह वा जिल्ला प्रशासन कार्यालयमा रहेको आपतकालीन कार्य संचालन केन्द्रको निशुल्क फोन नं. ११४९ मा जानकारी गराउनुहुन ।
७. वर्षाको अवस्था र जोखिमको परिस्थिति समेतको मूल्याङ्कनको आधारमा जिल्ला भित्रका कुनै पनि सडकमा सुरक्षाकर्मीद्धारा निश्चित समयको लागि आवागमन रोक्न सक्ने भएकोले सो कार्यमा सबैबाट सहयोग, समन्वयका लागि अनुरोध गरिन्छ ।

बसन्त अधिकारी
प्रमुख जिल्ला अधिकारी